# फेटा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फेटा, बारा
मधेश प्रदेश, नेपाल

च. १५४२

**माछा पोखरी सिलबन्दी दर भाउ पेश गर्ने सम्बन्धी सुचना**

चौथो पटक प्रकाशित मिति : २०८१।०१।१८ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाको स्वामित्व र संरक्षणमा रहेको तपसिल अनुसारको माछा पोखरीको ठेक्का आ.व.२०८०।०८१ देखि ५ वर्ष ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । सुचना प्रकाशन भएको मितिले १५ औं दिनको १:०० बजे भित्र इच्छुक नेपाली नागरिक (व्यक्ति वा फर्म) ले देहायका शर्तहरुको अधिनमा रही शिलबन्दी दर भाउ पेश गर्न यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं. | ठेक्का लगाउने पोखरी | पोखरीको क्षेत्रफल | ठेक्का लगाउने अवधि | न्यूनतम अंक | कैफियत |
|---|---|---|---|---|---|
| १ | निम्हा पोखरी<br>फेटा गा.पा., वडा नं.३ | | ५ वर्ष | १०,५०,०००।<br>(अक्षरुपी दश लाख पचास हजार मात्र ) | |
| २ | वडका पोखरी<br>फेटा गा.पा वडा नं. ३ | | ५ वर्ष | ६,००,०००(अक्षरुपी छव लाख मात्र ) | |
| ३ | कर्वोल पोखरी<br>फेटा गा.पा वडा नं. ३ | | ५ वर्ष | २५,००,०००( अक्षरुपी पचीस लाख मात्र) | |

**ठेक्काका शर्त तथा बन्देजहरु :**

१. सकार गर्ने कवोल रकम उल्लेख गरी शिलवन्दी खाममा लाहाछाप लगाई कार्यालयमा पेश गर्नुपर्ने छ।

२. शिलवन्दी कवोल अंक स्वीकृत भएमा यस गाउँपालिकाले उपलब्ध गराएको वैंक खातामा आफूले सकार गरेको अंक रकम जम्मा गराई सक्कल वैंक भौचर यस गा.पा.मा पेश गर्नुपर्ने छ।

३.सकार गर्ने कवोल अंक शिलवन्दी गरी मिति २०८१।०२।०१ गते दिनको १:०० बजे सम्म यस गा.पा.मा पेश गरिसक्नु पर्ने छ। कार्यालयमा पेश हुन आएको शिलवन्दी खाम सोही दिनको २:०० बजे फेटा गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालयमा खोलिने छ । शिलवन्दी खोलिने समयमा ठेक्काका लागि आवेदन दिएका व्यक्ति वा फर्महरु प्रत्यक्ष वा आफना प्रतिनिधी मार्फत सहभागी हुनु पर्नेछ । आवेदन दिएका कुनै फर्म वा व्यक्ति सहभागी नभएमा ठेक्का प्रक्रिया अगाडी बढाउन कार्यालयलाई कुनै असर पर्ने छैन । सो दिनमा सार्वजनिकक विदा पर्न गएमा सोको भोलीपल्ट हुनेछ ।

कमलेश कुमार मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

४. सकार गर्ने व्यक्ति वा फर्मले आफुले सकार गर्ने अंकको ५% ले हुन आउने रकम धरौटी/जमानत फेटा गाउँपालिकाको नाममा ग्लोबल आई एम ई बैंक, फेटा शाखामा रहेको धरौटी खाता नं. E50400000005 मा जम्मा गराई बैंक भौचरको प्रतिलिपी सहित शिलबन्दी गरी बुझाउनु पर्ने छ। विदेशी नागरिक वा फर्मको हकमा कुल साकार अंकको १०% ले हुन आउने रकम धरौटी/जमानत स्वरुप राख्नु पर्ने छ।

५. गाउँपालिकालाई पेश्की रकम वा जिन्सी बुझाउन बाँकी रहेका व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवस त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भएमा पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का वदर गरी धरौटी रकम समेत जफ़त गरिनेछ।

६. बाढी, वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डिल भत्केमा वा बगाएमा ठेक्केदारले स्वयम मर्मत गरी माछा पालन गर्नुपर्ने छ। सोमा लाग्ने मर्मत खर्च गा.पा.ले व्यवहोर्ने छैन।

७. ठेक्केदार र गा.पा.बीच विवाद उत्पन्न भएमा फेटा गाउँपालिकाले गरेको निर्णय मान्य हुनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ।

८. पोखरीको माछा झिक्दा विषादीको प्रयोग, करेन्ट लगाउने वा विष्पोट गर्न पाउने छैन। उक्त पोखरी सफा राख्नु पर्नेछ। पोखरीमा नुहाउन, पानी लिन वा प्रचलित सामाजिक संस्कार मनाउन मनाही गर्न पाउने छैन।

९. ठेक्का सम्वन्धि अन्य कार्य प्रचलित कानुन वमोजिम हुनेछ।

१०. बढीवालको ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार फेटा गाउँपालिकामा सुरिक्षत रहने छ।

११.गाउँपालिकालाई आवश्यक परेको खण्डमा जुन सुकै बेला पनि ठेक्का समझौता रद गर्न सकिनेछ। यसरी गाउँपालिकाले गरेको सो निर्णय ठेकेदार लाई मान्य हुनेछ।

१२. सिलबन्दीमा साकार गरेको रकम बराबरको वैङ्क ग्यारेन्टी वा जग्गा धितो राखि सकार गरेको व्यक्तिले पहिलो किस्ताको रकम सात दिन भित्र फेटा गाउँपालिकाको नाममा ग्लोबल आई एम ई बैंक, फेटा शाखामा रहेको आन्तरीक राजस्व खाता नं. 14004010000010 जम्मा गरी चलन पुर्जी लिनु पर्ने छ।

१३. तोकीएको समयमा चलन पुर्जी नलिएमा धरौटी जफत गरी कमश: दोस्रो वा तेस्रो हुने ठेकेदारलाई चलन पुर्जी दिईनेछ।

१४.पहिलो एक वर्षको एकमुष्ठ किस्ता तिरी चलन पुर्जी लिएपछि बाँकी रकम अर्धवार्षिक रुपमा असोज र चैत्रमा आठ किस्तामा भुक्तानी गर्नुपर्ने छ।

१५. धरौटी रकम अन्तिम किस्तामा मिनाहा हुनेछ।

२०८१/१/१८

क्मलेश कुमार मिश्र
प्रमुख प्रशासकीय अधिकृत

कमलेश कुमार मिश्र
प्रमुख प्रशासकीय अधिकृत

CamScanner